नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

#५९

## कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार | २६ चैत्र २०७६ (०८ अप्रील २०२०)

### मुख्य कृयाकलापहरू:


- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले भौतिक तथा शहरी विकास मन्त्री, भुमि सुधार गरिबी निवारण मन्त्री र खानेपानी तथा सरसफाई मन्त्रीज्युहरू सँग छलफल गरि अन्तरमन्त्रालय समन्वयलाई सुदृढीकरण गर्ने बिषयमा छलफल गर्नुभयो ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसंगको छलफलमा कोभिड-१९ प्रकोपको व्यवस्थापनका लागि मूख्य रुपमा PPE, PCR Reagent, VTM र थर्मल गन लाई प्राथमिकता दिई सहयोग गर्न निर्देशन दिनुभयो ।
- स्वास्थ्य सेवा बिभागबाट कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणका सम्बन्धमा पी.पी.ई. लगायतका २३ वटा औषधी तथा औषधी जन्य सामग्रीहरू खरिदका लागि मिति २५ चैत्र २०७६ मा सर्वजनिक सूचना प्रकाशित गरिएको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाइ चौधरी फाउन्डेसनबाट कोभिड-१९ को प्रयोगशाला परिक्षण गर्न उपयोगी हुने - १००० थान PCR Reagent सहयोग स्वरूप प्राप्त भएको छ ।
- कोभिड-१९ को रोकथाम, पहिचान र उपचारका लागि प्रदेश तहमा जनशक्ति तथा logistics परिचालन गर्न को लागि यस मन्त्रालयबाट प्रदेशगत रुपमा ११औं तहको नेतृत्वमा तीन सदस्य टोलीहरू सबै प्रदेशमा परिचालन भैसकेका छन् ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ को परिक्षण द्रुत रुपमा RDT kit बाट गर्नका लागि NHRC, EDCD र NPHL बाट ११ जना स्वास्थ्यकर्मीहरु परिचालन गरि कैलालीका गोदावरी, घोडाघोडी, जोशीपुर, भजनी, लम्की र कंचनपुरका भिमदत्त नगरपालिका, शुकलाफाटा र कृष्णपुरमा Quarantine मा रहेका १९८ जना व्यक्तिहरुको Throat swab र Blood sample संकलन गर्ने कार्य सम्पन्न भइ परिक्षणको क्रममा रहेको छ| त्यसरी नै बाग्लुंग र बुटवलमा RDT परिक्षणका लागि टोलि खटाउने तयारी भएको छ|
- हिजो काठमाडौं उपत्यका बाहिर जुम्ला, अछाम र सुर्खेत लगायतका स्थानहरुवाट ८०२ नमुना संकलन भएको र आज दिपायलबाट करिब ३०० बढी नमुना संकलन भैरहेको छ ।

- CCMC - अपरेसनल कमिटीवाट सशस्त्र प्रहरी अस्पताल र छाउनीस्थित नेपाली सेनाको अस्पतालमा कोरोनाको बिरामीहरुको उपचार ब्यबस्थापनका लागि एक सय आइसोलेसन बेड र छ वटा ICU बेड पूर्ण तयारि अवस्थामा राखिएको छ ।
- देशभरका सबै स्थानहरुमा कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान तथा उपचार कार्य ब्यबस्थित बनाउनको लागि सबै जिल्लामा जिल्ला तहको Crisis Management Center स्थापना भै कार्य आरम्भ भैसकेको छ ।
- काठमाडौं उपत्यका बहिर समेत ठुलो संख्यामा नमुना परिक्षण गर्न प्रयोगशालाको क्षमता बिस्तार गर्ने क्रममा सुदुरपश्चिम प्रदेशको धनगढी, गण्डकी प्रदेशको पोखरा, प्रदेश ५ को नेपालगंजमा ठुलो PCR मेसिन जडान कार्य भै रहेको छ ।

**आपुर्ति ब्यवस्थापनः** स्वास्थ्य सेवा बिभागबाट आवश्यकता अनुसार स्प्रेयर पम्प, PPE, N95 मास्क, गाउन, चस्मा, पन्जा, थर्मामिटर लगायतका सामग्रीहरू माग र आवश्यकता अनुसार आपूर्ति गर्ने क्रम जारी रहेको छ।

| # | सामानको नाम | जम्मा निकासा | # | सामानको नाम | जम्मा निकासा |
|---|---|---|---|---|---|
| १ | सूकभर | ४१६३ | १४ | गाउन | ४९७९ |
| २ | चश्मा (सेफ्टी) | १०३१ | १५ | गाउन (पून प्रयोग गर्न मिल्ने) | १२० |
| ३ | पंजा | २६१९४ | १६ | सोडिएम हाइपोक्लोराइड सोलूसन | ३० |
| ४ | मास्क | ५७६३७३ | १७ | आइ.आर थर्मोमिटर (सी ए) | १०० |
| ५ | आइ.आर थर्मोमिटर | ६२ | १८ | एन ९५ मास्क (भू) | १८०० |
| ६ | डिस इन्फेक्टेन्ट ट्याब. | ३५० | १९ | गम बूट | ५० |
| ७ | एन ९५ मास्क | ३०६७ | २० | गाउन (के) | ७०७० |
| ८ | फेस सिल्ड | २४०९ | २१ | पंजा (सर्जिकल ग्लोब्स) (के) | ७०००० |
| ९ | सेनिटाइजर | ७५३ | २२ | इयर थर्ममिटर | ० |
| १० | पिपिइ (फूल) सेट | ६१३ | २३ | पोर्टेबल भेन्टीलेटर | १ |
| ११ | पिपिइ ग्राउण्ड | ३९५ | २४ | क्लोरोक्वीन फोस्फेट | ० |
| १२ | स्प्रेयर पम्प | १७ | २५ | क्लोरिन एनएडिसिसि ४५ । ५५ | ४०० |
| १३ | फेस मास्क | ३३४२ | मितिः २०७६ चैत्र २५, १८:०० बजे सम्म | | |

**प्रयोगशाला सेवा विस्तारः** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका साथै सबै प्रदेशमा गरी जम्मा १० वटा ठाउँ हरुमा कोभिड-१९ को पि. सि. आर. [Polymerase Chain Reaction (PCR)] बिधीबाट नमुना परिक्षण गर्ने प्रयोगशाला सञ्चालनमा रहेका छन्।




**सुचना तथा सञ्चारः** कोभिड-१९ का दुई वटा कल सेन्टर (१११५ र ११३३) मा आज ३३०६ जना ब्यक्तिहरूले सेवा लिनु भयो ।

| **कोभिड-१९ उपचार गर्ने अस्पतालहरूमा उपचाररत बिरामीहरूको संख्या** | | |
|---|---|---|
| **अस्पतालहरू** | **आईसोलेसनमा रहेका बिरामि** | **आई.सि.यु. मा रहेका बिरामि** |
| शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल | ५ | ० |
| पाटन अस्पताल | ० | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | ७ | ० |
| **जम्मा** | १२ | ० |
| *(मिति २०७६/१२/२६ गते १३:०० बजे सम्म)* | | |

| ILI/SARI Cases Reported from EWARS Sentinel Sites | |
|---|---|
| मिति | ILI/ SARI Cases |
| ०३ अप्रिल | ९२ |
| ०४ अप्रिल | ३० |
| ०५ अप्रिल | ४३ |
| ०६ अप्रिल | ५३ |
| ०७ अप्रिल | ४५ |
| | अध्यावधिक मितिः २०७६ चैत्र २६ गते; १४:३० बजे सम्म |

**प्रयोगशाला परिक्षणः** हाल सम्म नौं जना व्यक्तिमा कोभिड-१९ संङ्क्रमण देखिएको छ । आज कुनैपनि नयाँ पोजेटिभ केस रिपोर्ट भएको छैन। पहिलो संङ्क्रमित व्यक्ति निको भई सामान्य जीवनमा फर्की सक्नुभएको छ भने अन्य ८ जना अस्पतालमा उपचाररत हुनुहुन्छ ।

| प्रयोगशाला परिक्षण | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रयोगशाला | जम्मा परिक्षण | | पोजिटिभ | | आजसम्मको नेगेटिभ | आजसम्मको नतिजा आउन बाकि |
| | आजसम्मको जम्मा | नयाँ | आजसम्मको जम्मा | नयाँ | | |
| राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौं | १९६५ | १६९ | ९ | ० | १९५६ | |
| वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | ८३ | १८ | ० | ० | ८३ | ४० |
| जनकपुर प्रादेशिक अस्पताल, जनकपुर | १८ | ३ | ० | ० | १८ | ४ |
| पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पोखरा | ७४ | २४ | ० | ० | ७४ | ८२ |
| सुर्खेत प्रादेशिक अस्पताल, सुर्खेत | ७१ | १२ | ० | ० | ७१ | १८ |
| सेती प्रादेशिक अस्पताल, धनगढी | २६ | ७ | ० | ० | २६ | ० |
| किटजन्य रोग अनुसन्धान | ५१ | ११ | ० | ० | ५१ | ३ |

| प्रयोगशाला परिक्षण | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रयोगशाला | जम्मा परिक्षण | | पोजिटिभ | | आजसम्मको नेगेटिभ | आजसम्मको नतिजा आउन बाकि |
| | आजसम्मको जम्मा | नयाँ | आजसम्मको जम्मा | नयाँ | | |
| तथा तालिम केन्द्र, हेटौडा | | | | | | |
| काठमाडौं विश्वविधालय शिक्षण अस्पताल, धुलिखेल | १७ | ० | ० | ० | १७ | ८ |
| राष्ट्रिय गंहू बाली अनुसन्धान केन्द्र, भैरहवा* | २८ | ० | ० | ० | २८ | ८ |
| भरतपुर कोभिड-१९ डायग्नोस्टिक प्रयोगशाला, चितवन | ३३ | १२ | ० | ० | ३३ | १६ |
| **जम्मा** | **२३६६** | **२५६** | **९** | **०** | **२३५७** | **१७९** |
| * *हिजोको रिपोर्टमा त्रुटी भएकोले आजको रिपोर्टमा सुधारिएको छ ।* | | | | | | |

| क्वारेन्टाईन, आइसोलेशन तथा प्रयोगशाला सम्बन्धमा प्रादेशिक विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | क्वारेनटाईन मा रहेका बेड संख्या | क्वारेनटाईन मा बसेका व्यक्तिको संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशन मा भएका बिरामीको संख्या | २५ चैत्र २०७६ सम्मको स्वाव परिक्षणको अवस्था | | | | २५ चैत्र २०७६ स्वाव संकलन भएकाको संख्या | PPE Gown को मौजदात संख्या |
| | | | | | नेगेटिभ | पोजिटिभ | रिपोर्ट आउन बाँकि | जम्मा | | |
| प्रदेश १ | ३८८० | ७५० | ४३२ | २१ | ८५ | 0 | ५ | ९० | ५ | ११९२ |
| प्रदेश २ | ३२२७ | ९७९ | २९४ | २२ | १०३ | 0 | १६ | ११९ | ६ | १५११ |
| बागमती प्रदेश | ४३३३ | ३८९ | ९५८ | २९ | ३३१ | ० | २०८ | ५३९ | १३१ | ५२५ |
| गण्डकी प्रदेश | ४७१५ | ९१८ | २६५ | ६ | १३० | २ | ४८ | १८० | ३२ | १०८४ |
| प्रदेश ५ | ५११६ | २६०२ | ५१२ | ३४ | १०८ | 0 | ४१ | १४९ | ३६ | १००८ |
| कर्णाली प्रदेश | २७८८ | ६९२ | ४६६ | १ | ९३ | 0 | ५०१ | ५९४ | ५०१ | १५३९ |
| सुदुरपस्चिम प्रदेश | १२४१२ | २२५० | २७४ | ९ | १४० | ४ | ८५ | २२९ | २१४ | ९१८ |
| **जम्मा** | ३६४७१ | ८५८० | ३२०१ | १२२ | ९९० | ६ | ९०४ | १९०० | ९२५ | ७७७७ |

नोटः काठमाडौं उपत्यकाका अस्पतालहरुको रिपोर्ट समाबेश गरिएको छैन । *श्रोतः NEOC, गृह मन्त्रालय र प्रादेशिक स्वास्थ्य निर्देशनालय, २०७६ चैत्र २५ गते*

## मापदण्ड तथा निर्देशिकाहरू:

१) COVID-19 को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ) को प्रयोग सम्बन्धी निर्देशिका

२) COVID-19 SOP, Case Investigation and Tracing Form

३) Protocol for ILI Clinics (COVID-19 Screening COVID Clinics)

४) कोभिड-१९ का बिरामीहरुलाई अस्पताल तथा उपचार केन्द्र पुर्याउनका निम्ति COVID-19 PATIENT TRANSPORT TEAM (PTT) निर्देशिका।

५) कोभिड-१९ का बिरामीहरु हेरचाह गर्ने स्वास्थ्य संस्थाहरुका लागि Interim Clinical Guidance र Infection Prevention and Control Guideline सम्बन्धी निर्देशिका

६) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी सम्क्षिप्त कार्यविधि – २०७६

७) Flow Diagram for Testing returnees for COVID-19 (RDT or PCR)

८) क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको कोभिड-१९ को नमुना संकलन सम्बन्धी निर्देशिका

९) Wondfo SARS-CoV-2 Antibody Test Procedure